# एकीकृत फोहोर व्यवस्थापन योजना

## नगरपालिकाहरूलाई मार्गनिर्देशन

## परिचय


नेपालको संविधान २०७२को धारा ३०ले स्वच्छ वातावरणलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । सहरी तथा अन्य फोहोर मैलाबाट पर्ने वातावरणीय प्रभावलाई सन् २०३० र फोहोरका प्रकारलाई सन् २०२० सम्ममा उल्लेखनीय रूपमा घटाउने लक्ष्य पनि तय गरिएको छ । फोहोरको मात्रा कम गर्ने र प्रयोगजन्य सामग्री पुन: प्रयोगमा ल्याउन एकीकृत फोहोर व्यवस्थापन रणनीति २०७५ तयार गरिएको छ ।

फोहोर व्यवस्थापनको वर्तमान अवस्था पहिचान गर्न, व्यवस्थापन क्षमता बढाउन, फोहोर विसर्जनको गुणस्तर बढाई जनस्वास्थ्यमा सुधार ल्याउन, नगरपालिकाको सबै क्षेत्रमा सेवा विस्तार गर्न, सेवाग्राहीबाट सेवा शुल्क उठाउन, फोहोरलाई मोहरमा बदली राजस्व वृद्धि गर्न र दिगो आर्थिक प्रणाली स्थापना गर्न एकीकृत फोहोर व्यवस्थापन योजना तयार गरिएको हो । यस योजना अनुसारको वर्तमान स्थिति बुझेर योजनाको उद्देश्य, लक्ष्य प्राप्तिको आधार, लक्ष्य प्राप्तिको मापन र कार्यक्रमहरूको कार्यान्वयन गर्न यस प्रकाशनले सहयोग पुऱ्याउने आशा छ ।

हालको स्थीति

२०२० सालको स्थीति

२०३० सालको स्थीति









## पृष्ठभुमि

फोहोरमैला व्यवस्थापन ऐन २०६८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम फोहोर व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको भएकाले एकीकृत फोहोर व्यवस्थापनको रणनीति २०७५ अनुरूप नीति तथा कार्यक्रमहरू तय गर्नुपर्दछ । स्थानीय तहको संस्थागत क्षमता विकास, फोहोर व्यवस्थापन गर्ने स्थानको किटानी, प्राविधिक ज्ञानको व्यवस्था गर्न तथा दिगो विकासका लक्ष्यहरू हासिल गर्न एकीकृत फोहोर व्यवस्थापन योजना मार्गनिर्देशन तयार गरिएको हो ।

सहरीकरण र फोहोर उत्पादन बढ्दै जानु, विसर्जनको स्थान जटिल हुनु, उचित व्यवस्थापनको कमीका कारण वातावरण र स्वास्थ्यमा समस्या आउनु, बजेट खर्च भए पनि उपलब्धिमूलक कार्य नहुनु, सेवाप्रदायकहरूको कार्य सम्पादन आवश्यक मापदण्ड भन्दा निकै कमसल हुनु जस्ता कारणहरूले स्थानीय तहलाई पिरोलेको छ । स्थानीय सरकारको संरचना अनुसार फोहोर व्यवस्थापनको जिम्मेवारी सबै स्थानीय तहको हुनाले सबल योजना बनाई यसको कार्यान्वयन गर्दा सबै पक्ष लाभन्वित हुन सक्दछन् ।








## एकीकृत फोहोर व्यवस्थापन योजना

एकीकृत फोहोर व्यवस्थापन योजनाको उद्देश्य दिगो तथा उपयुक्त प्रविधिहरूको विकास गरी फोहोर वर्गीकरण, संकलन र ढुवानी प्रणालीको सुधार गर्नु र एकीकृत फोहोर व्यवस्थापन प्रणालीमा सुधार ल्याउनु हो । यस प्रणालीलाई दिगो बनाउने, आर्थिक अवसरहरू सिर्जना गर्ने, उपभोक्ता तथ्याङ्क जम्मा गर्ने, फोहोर व्यवस्थापन सूचना प्रणाली र फोहोर व्यवस्थापनसँग सम्बन्धित सबै सरोकारवालाहरू बिच सञ्जाल तयार गर्ने कार्य एकीकृत फोहोर व्यवस्थापन योजनाले गर्दछ ।







## सरोकारवालाहरू

- फोहोर व्यवस्थापन सम्बन्धी ऐन, नियमावली, नीति, योजना, मार्गनिर्देशन र विधि अनुसार योजना तर्जुमा समितिले कार्य परिचालन गर्दछ ।
- फोहोर व्यवस्थापन नीति तथा कार्यक्रम नगर सभा परिषद्ले अनुमोदन गर्दछ ।
- जनप्रतिनिधि र राजनीतिकर्मीले जनताको सरोकारका विषयहरूलाई सम्बोधन गर्नु हुन्छ ।
- नगरपालिकाका कर्मचारी र टोल सुधार समितिले योजनालाई विभिन्न तवरले सहयोग पुऱ्याउनु हुन्छ ।
- योजनाकार, विज्ञ, प्राविधिक टोलीले योजना तयार गर्न र कार्यान्वयन गर्न सहयोग गर्नु हुन्छ ।
- गैरसरकारी तथा सामुदायिक संस्था र नागरिक समाजले योजना कार्यलाई सम्पन्न गर्न साथ दिनु हुन्छ ।
- निजी व्यवसायी, कवाड पसल, ठेकेदार, स्थानीय उद्योग वाणिज्य संघ, प्रशोधन उद्योग, वायोग्याँस इन्धन उत्पादन केन्द्रको यस योजनाकार्यमा संलग्नता रहेको हुन्छ ।
- सञ्चारकर्मीले सम्पूर्ण कार्यहरूको चरणगत रूपले अध्ययन र निरीक्षण गरी खबरदारी गर्नुपर्ने हुन्छ ।
- विद्यार्थी, युवा समूह, आमा समूह र स्थानीय नागरिकहरूको यसमा उल्लेखनीय सहभागिता हुन्छ ।
- सेवाग्राही, दातृनिकाय र विकास साझेदार लगायतको सकारात्मक भूमिकाले योजना कार्य सफल हुन्छ ।

## प्रक्रिया

- नगरपालिका फोहोर व्यवस्थापन योजना समिति, फोहोर व्यवस्थापनसँग सम्बन्धित सरोकारवाला तथा विषय विज्ञको सहयोगमा फोहोर व्यवस्थापन योजना तयार गरिन्छ ।
- योजना अनुरूप अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्यक्रम तय, लक्ष्य निर्धारण, अनुमानित बजेट, आवश्यक जनशक्ति, समयावधि मापन र सहयोगी निकायहरूसँगको सहकार्य हुन्छ ।
- योजना तय गर्न आधारभूत तथ्याङ्क सङ्कलन, समस्या र आवश्यकताको पहिचान, फोहोर व्यवस्थापनको अवस्था चित्रण र भविष्यको प्रक्षेपण गर्नुपर्दछ ।
- फोहोर व्यवस्थापन विधि र प्रविधिका विकल्पहरूको प्राथमिकीकरण अनुरूप वैकल्पिक फोहोर पुनः चक्रीय (Recycle) विधि प्रयोग गर्ने, प्रयोग नहुने फोहोरलाई सुरक्षित तवरले अन्तिम विर्सजन गर्ने, कुहिने फोहोरलाई कम्पोस्ट मल बनाउने, वायोग्याँस इन्धन उत्पादन गर्ने र उत्पादित फोहोरलाई स्यानिटरी ल्यान्डफिल साइटमा सुरक्षित व्यवस्थापन गर्नुपर्दछ ।
- अर्थ तथा वातावरणीय दृष्टिले उपयुक्त फोहोर व्यवस्थापन विधिको छनोट र विनियोजित वार्षिक बजेट, फोहोर व्यवस्थापन सेवाशुल्क, पुनः चक्रीय सामग्री बेचेर आउने आयको व्यस्थापन गरी सदुपयोग गर्नुपर्दछ ।
- फोहोर व्यवस्थापनका लागि आर्थिक स्रोतको पहिचान, प्रक्षेपण, रणनीतिक क्षेत्र तथा उद्देश्यहरूको निर्धारण गर्नुपर्दछ ।
- योजना कार्यन्वयन भएपश्चात् निर्धारित लक्ष्य प्राप्त भयो वा भएन थाहा पाउनका लागि नियमित अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ ।
- योजनाका सबै मुख्य पक्षहरूको अनुमोदन नगर सभा परिषद्ले गर्दछ ।

## आधारभूत सिद्धान्त

- स्वच्छ वातावरण सम्बन्धी संवैधानिक व्यवस्था, फोहोर व्यवस्थापन ऐन तथा स्थानीय सरकार सञ्चालन ऐन २०७७ले स्थानीय सरकारलाई दिएको फोहोर व्यवस्थापन र स्वच्छ वातावरण सम्बन्धी आधारहरू अनुसरण गरेर योजना तयार गर्नुपर्दछ ।
- जथाभावी फोहोर फाल्ने क्रम तुरुन्तै बन्द गरी व्यवस्थित विर्सजन स्थल वा स्यानिटरी ल्यान्डफिल साइटको व्यवस्थापन गर्नुपर्दछ ।
- फोहोर उत्पादक स्वयं नै व्यवस्थापनको जिम्मेवार हुनुपर्दछ र त्यसका लागि आवश्यक व्यवस्थापन शुल्क तिर्नु पर्दछ ।
- सबै सेवाग्राहीलाई फोहोर व्यवस्थापनमा सक्रिय बनाई स्रोत मै फोहोर उत्पादन घटाउने, फोहोरको मात्रा कम गर्ने, प्रयोगजन्य सामग्री पुनः प्रयोगमा ल्याउन प्रशोधन गर्ने, वायोग्याँस उत्पादन र पुनः चक्रीय विधिबाट अन्य सामग्री उत्पादन गर्ने, प्रयोगमा नआएको फोहोरको नजिकै व्यवस्थित विर्सजन गर्न पदानुक्रमलाई कडाइका साथ लागु गर्नुपर्दछ ।

## लागत

फोहोर व्यवस्थापनको योजना तयार गर्नका लागि निम्न लागत अनुमान गर्न आवश्यक हुन्छ । विज्ञ जनशक्ति र नगरपालिकाका कर्मचारीहरूको परिचालन, प्राविधिक टोलीको छनौट र सञ्चालन, वर्तमान अवस्थाको तथ्याङ्क संकलन, आवश्यक भवन, स्थलगत अध्ययन, गोष्ठी तथा सम्बन्धित उपकरणको प्रयोग, नागरिकको राय र सुझाव संकलन आदि नै यस योजनाको लागत पक्ष हुन् ।





## ध्यान दिनु पर्ने कुराहरू



- आधारभूत तथ्याङ्क संकलनमा नगरपालिकाको भौगोलिक, प्रशासनिक तथा भूउपयोगसम्बन्धी विवरण पेस नहुनु र नगरपालिकाको पूर्वाधारको विवरण तयार नहुनु ।
- फोहोर उत्सजर्नको विवरण घरधुरी, जनसङ्ख्या, व्यवसायी कर अन्य संस्थाहरूमा शैक्षिक, कलकारखाना तथा उद्योगहरू, स्वास्थ्य संस्था, मासु पसल आदिको विवरण मापन नहुनु ।
- नगरपालिकाले फोहोर उत्पादन कर, व्यवस्थापन शुल्क आदि निर्धारण नगर्नु ।
- अबको १५ वा २० वर्षमा नगरपालिकाको फोहोर व्यवस्थापन कहाँ पुग्ने हो भन्ने सम्बन्धी दीर्घकालीन लक्ष्य तय नहुनु ।

## सफलताका सूचक



- दीर्घकालीन लक्ष्य प्राप्तिका लागि फोहोर व्यवस्थापनका मुख्य रणनीतिक क्षेत्रको पहिचान गरी त्यस अनुरूप रणनीतिक उद्देश्य निर्धारण गर्नु ।
- फोहोर व्यवस्थापन योजना तर्जुमा सफल पार्न चरणगत रूपमा उजागर गर्नु ।
- फोहोर व्यवस्थापन तथ्याङ्क संकलन तथा व्यवस्थापन प्रणाली बनाउनु ।
- आर्थिक रूपमा दिगो फोहोर व्यवस्थापन प्रणाली निर्माण हुनु ।
- संगठनात्मक तथा कानुनी संरचना अनुसार कार्य व्यवस्थापन हुनु ।
- फोहोर व्यवस्थापन विधि, प्रविधि र सेवासञ्चार प्रवाहलाई प्रभावकारी गर्नु ।
- अनुगमन प्रणालीलाई उपलब्धिमूलक बनाउन निरीक्षण र मापन गर्नु ।

यस मार्गनिर्देशन मुख्य सरोकारवालाहरूसँगको सरसल्लाह र छलफलको नतिजा हो ।
यस मार्गनिर्देशन बनाउन जर्मन विकास सहयोगबाट प्राप्त सहयोग प्रति आभार व्यक्त गर्दछौं ।